मिति २०८३/०१/११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) को व्यवस्था बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरूको देहायको उपस्थितिमा बसी उल्लिखित प्रस्तावहरू उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमको निर्णयहरू पारित गरियो।

बैठक सञ्चालन स्थानः गाउँ कार्यपालिकाको सभा हल

बैठक सञ्चालन मितिः २०८३/०१/११ गते शुक्रवार

बैठक बसेको समयः विहान ७:०० बजे

**-उपस्थिति-**

| सि.नं. | पदाधिकारीको नाम | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | [signature] |
| २. | श्री धन बहादुर पुलामी "अशोक" | गाउँ कार्यपालिका उपाध्यक्ष | [signature] |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | [signature] |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | [signature] |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | [signature] |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | [signature] |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष-५ | [signature] |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | [signature] |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | [signature] |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | [signature] |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | [signature] |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | [signature] |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | [signature] |
| १४. | श्री तारा माया श्रेष्ठ | कार्यपालिका सदस्य | [signature] |
| १५. | श्री गंगा माया तामाङ्ग | कार्यपालिका सदस्य | [signature] |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | [signature] |
| १७. | श्री युव माया मश्राङ्गी | कार्यपालिका सदस्य | [signature] |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | [signature] |
| २०. | श्री मनोज साह, प्रमुख प्रशासकीय अधिकृत | सचिव | [signature] |
| २१. | श्री अरुण स्यारेवति | सहयोगी | [signature] |
| २२. | श्री लोकनाथ पहाडी | ॥ | [signature] |
| २३. | श्री चन्द्रिका थापा | कार्यालय सहयोगी | [signature] |

मिति २०८३/०१/११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

<u>प्रस्ताव तथा निर्णयहरू</u>

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन |
| २. | शिक्षा समितिको प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा। | शिक्षा |
| ३. | अस्थायी क्रसर सञ्चालन अनुमतिलाई अनुमोदन गर्ने सम्बन्धमा। | राजस्व शाखा |
| ४. | सिद्धज्योति शिक्षा क्याम्पस फोस्रेटार सिन्धुलीलाई National Conference सम्मेलनका लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा। | खेलकुद |
| ५. | भू-सेवा केन्द्र सञ्चालनको लागि अनुमती दिने सम्बन्धमा। | |
| ६. | सशस्त्र प्रहरी बल नेपाल, गुल्म हे.क्वा. सिन्धुलीलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा। | |
| ७. | गाउँपालिका राष्ट्रिय महासंघ नेपाललाई सदस्यता शुल्क उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन |
| ८. | अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) सिन्धुलीलाई आर्थिक रकम सहयोग गर्ने सम्बन्धमा। | स्वास्थ्य |
| ९. | जिल्ला प्रहरी कार्यालय, सिन्धुलीलाई Computer-Aided Dispatch (CAD) प्रणाली सञ्चालन कार्यका लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सुरक्षा |
| १०. | वैकल्पिक उम्मेदवार लाई कामकाजमा लगाउने सम्बन्धमा। | प्रशासन |
| ११. | मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने सम्मबन्धमा। | कृषि |
| १२. | कृषि हाटजबजार स्तरोन्नती कार्यक्रम अनुमोदन सम्बन्धमा। | |
| १३. | त्रिपुरेश्वर शिक्षा क्यामपसलाई सिन्धुली जिल्ला स्तरीय खेलकूद कार्यक्रम गर्न सहयोग गर्ने सम्बन्धमा। | |
| १४. | राजश्व अनुगमन समिति गठन गर्ने सम्बन्धमा । | |
| १५. | वडा सञ्चालन खर्चबाट वडा सचिवलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बनधमा। | |
| १६. | वडा नं.३ का टंकमाया बुढाथोकीको खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा। | |
| १७. | इन्धन तथा मर्मत ५० % कटौती गर्ने सम्बन्धमा। | |
| १८. | चकमके बाहुनतिल्पुङ जानेबाटो आकास्मिक कोषबाट मर्मत गर्ने सम्बन्धमा। | |
| १९. | विविध | |

मिति २०८३/०१/११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिको गाउँ कार्यपालिका बैठकको निर्णयहरू समीक्षा गरियो।

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८३/०१/१० गते प्राप्त शिक्षा समितिको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने upgrading works on Sindhuli Madi Chakmake Arunthakur Katari Road, Sindhuli (CH: 31+360/000) ठेक्का नम्बर (IDO/SIN/W/NCB/082/83/20) को लागि निर्माण व्यवसायी श्री Sindhuli-Shisan JV Sindhuli र पूर्वाधार विकास कार्यालय बिच ठेक्का सम्झौता भएको योजनालाई सम्पन्न गर्नको लागि तीनपाटन गाउँपालिकाको वडा नं. १ झिल्केनी स्थित जग्गाधनी वर्ष ४३ का श्री उमेश लामा ( ना.प्र.नं. १२८१७ को साविक पाटनदेवी गा.बि.स वडा नं. २/ङ को कित्ता नं. १८३ को जग्गामा अस्थायी रुपमा क्रसर सञ्चालनको लागि अनुमति दिइएको छ। यस गाउँपालिकाको प्रारम्भिक IEE प्रतिवेदन बमोजिम यस कार्यालयले तोकेको स्थान र परिणाम बमोजिम उत्खन्न गर्न हुन साथै बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८२ ले तोकेको दररेट तथा निर्माण कार्यको BOQ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो, र दहत्तर बहत्तरको शुल्क यस कार्यालयमा अग्रिम दाखिला गर्न हुन र अन्य सम्झौता पत्र बमोजिम कार्य हुने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल सिद्धज्योति शिक्षा क्याम्पस सिन्धुलीले मिति २०८३ साल बैशाख १८ र १९ गते गर्ने Frist National Multidisciplinary conference (प्रथम राष्ट्रिय बहुविधागत शैक्षिक सम्मेलन) सञ्चालनको लागि यस गाउँपालिकाबाट रु. १,००,०००।- (अक्षररुपि एक लाख मात्र) आर्थिक सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमि प्रशासन निर्देशिका, २०८२ बमोजिम स्थानीय तहले भू-सेवा केन्द्रको अनुमति लिई आफ्नै कार्यक्षेत्र भित्रको घरजग्गाको काम कारबाहीका लागि भू-सूचना प्रणालीको प्रयोग गरी मालपोत कार्यायमा पठाउनसक्ने व्यवस्था रहेबमोजिम भू-सेवा केन्द्र सञ्चालनको लागि भू-सेवा लेखापढी व्यवसायको प्रमाण प्रत्र भएकोलाई अनुमति दिने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल नेपाल, गुल्म हे.क्वा. सिन्धुलीलाई सामुदायमा आधारीत विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद् सम्बन्धी तालिम सञ्चालन गर्नको लागि अनुमानित खर्च कति लाग्ने हो सोही प्रस्तावना अनुसार आर्थिक सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिका राष्ट्रिय महासंघ नेपाललाई यस गाउँपालिकाले बार्षिक रुपमा बुझाउनु पर्ने चालू आ.व. २०८२/०८३ को सदस्यता नविकरण रकम रु. ३०,०००/- (अक्षररुपि तिस हजार मात्र) गाउँपालिका राष्ट्रिय महासंघ नेपालको नामा सञ्चालित NIC ASIA बैंक खाता नम्बर ३२४१२१५७६४१५२४०१ मा सहयोग पठाउने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) सिन्धुलीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा यस गाउँपालिकाबाट OCMC सिन्धुलीलाई उपलब्ध गराउनुपर्ने रुकम रु. १,५०,०००।-(अक्षररुपी एक लाख पँचास हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक सिन्धुली शाखामा रहेको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सिन्धुलीको खाता नं. १०६०१००२०२०६००००, कार्यालय कोड नं. ३७००१२५०१३ मा रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा जिल्ला प्रहरी कार्यालय, सिन्धुलीलाई प्रहरीको कामकारबाही तथा शान्ति सुरक्षा कायम गर्न प्रविधि मैत्रि, डिजिटल मैत्रि बनाउनको लागि उपत्यका जिल्लामा लागु भएको Computer-Aided Dispatch (CAD) प्रणालीलाई जिल्लाभरको शान्ति सुरक्षा, अपराध अनुसन्धान तथा नियन्त्रण कार्यालाई प्रभावकारी रुपमा कार्य गर्नको लागि स्मार्ट प्रहरी कन्ट्रोल रुम Smart Police Control Room (SPCR) स्थापनाको लागि यस गाउँपालिकाबाट रु. १,००,०००/-(अक्षररुपी एक लाख) बराबरको तपसिलको सामग्रीहरु उपलब्ध गराउने निर्णय गरियो।

**तपसिलः-**

| सामग्रीहरुको विवरण | सङ्ख्या | अनुमानित लागत |
|---|---|---|
| डेस्कटप कम्प्युटर सेट (Core i5, 8GB RAM, 256 GB SSD) | १ थान | रु.६०,०००/- |
| एर्गोनोमिक अफिस मेच (Office Chair) | १ थान | रु.७,०००/- |
| आधुनिक कम्प्युटर टेबल | १ थान | रु.८,०००/- |
| UPS (कम्प्युटर पावर ब्याकअप) | १ थान | रु.८,०००/- |
| इन्टरनेट शुल्क र मर्मत कोष हिस्सा | १ भाग | रु.१७,०००/- |
| जम्मा | | रु.१,००,०००/- |

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कार्यालयबाट प्रकाशित मिति २०८२/०९/२४ गते (वि.नं. ०७/२०८२-०८३) को सुरक्षा गार्ड पदको लागि मिति २०८२/१२/०२ गते लिएको सधारण बियरिङ्ग, प्रतियोगतात्मक अन्तर्वाता परीक्षा अङ्क गणना गर्दा बैकल्पिक सिफारिस योग्यताक्रम १. प्रेम बहादुर रमौलीलाई कामकाजमा लगाउने साथै (वि.नं. ०५/२०८२-०८३) मिति २०८२/०९/२५ गतेको सेवा करारमा कार्यालय सहयोगी मा... सूचना भएबमोजिम मिति २०८२/१२/०३ गते सञ्चालित अन्तर्वाता

प्रतियोगितात्मक परीक्षाबाट बैकल्पिक योग्यता क्रम १. क्यामुना पहाडीलाई कामकाजमा लगाउने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिका भित्रका २१ घार भन्दा माथि मौरी पालन गरेका कृषक, समूह, सहकारी फर्मले मौरी प्रवर्द्धधन कार्यक्रममा प्राथमिकताको आधारमा अनुदान पाउने निर्णय गरियो।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको आ.व. २०८२/०८३ को संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम कृषि हाटबजार स्तरोन्नती कार्यक्रम वडा को सिफारिस, आर्थिक विकास समितिको निर्णय बमोजिम हुने निर्णय गरियो।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा त्रिपुरेश्वर शिक्षा क्यामपस बाहुनतिल्पुङ्गलाई सिन्धुली जिल्ला स्तरीय खेलकूद कार्यक्रम सञ्चालन गर्न लागि यस गाउँपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत कार्यक्रम विविध खर्चबाट अनुमोदन हुने गरि रु.१,००,०००।- (अक्षररुपि एक लाख मात्र) सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालय अन्तर्गतको कार्यालयमा राजश्व सम्बन्धी गर्नको लागि तपसिल अनुसार अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल:

१. श्री वासुदेव मश्राङ्गी -संयोजक
२. श्री तोयानाथ पहाडी - सदस्य
३. श्री अरुण रुपाखेती -सदस्य सचिव

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका वडाहरुले वडा सञ्चालन खर्चबाट वडा सचिवलाई कार्यालयको कागजपत्र मिलाए बापत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा वडा नं. ३ का टंकमाया बुढाथोकीको खाजा खर्च उपलब्ध गराउने मिति २०८२।१२।१३ को कार्यपालिका निर्णयबाट विवेक खाजा घरको नाममा खर्च भुक्तानि दिने निर्णय भएको तर सो विवेक खाजा घरको प्यान नम्बर नभएकोले हेम बहादुर मानन्धरलाई खाजा खर्च भुक्तानि गर्ने निर्णय गरियो।

मिति २०८३/०१/११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका मातहतका कर्मचारीहरुलाई उपलव्ध गराउदै आएको इन्धन तथा मर्मत वापतको सुविधाहरु ५०% (पचास प्रतिशत) कटौती गर्ने निर्णय गरियो।

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा चकमके बाहुनतिल्पुङ जानेबाटोको हाडीखोला दोभान उक्कालोमा सोलिङ भत्किएकोले उक्त ठाउँमा आकास्मिक कोषबाट खर्चहुने गरी प्राविधिक स्टिमेट अनुसार सोलिङ मर्मत गर्ने निर्णय गरियो।

निर्णय नं. १९

प्रस्ताव नं. १९ को विविध विषय माथि छलफल गर्दा यस गाउँपालिका कार्यालयबाट प्रदान गरिदै आएको सञ्चार सुविध कटौति, PHC प्रशासनीक खर्च, क्वाटरको विद्युत खर्च, NGO/INGO को बाहल भाडा तथा जेसिबी/एम्बुलेन्सको राजश्व सम्बन्धमा तपसिल बमोजिमको निर्णय गरियो।

तपसिलः

१. यस कार्यालबाट उपलव्ध गराउदै आएको सञ्चार सुविधा कटौति गर्ने,
२. PHC प्रशासनिक विद्युत खर्चहरु सम्बन्धित कार्यालय
३. क्वाटरहरुबाट उठेको विद्युत महसुल शुल्क क्वाटरमै बस्नेले तिर्नुपर्ने,
४. NGO/INGO हरुले मापदण्ड अनुसार बाहल भाडा तिरेर मात्र हलमा कार्यक्रम सञ्चान गर्नुपर्ने,
५. जेसीबी/एम्बुलेन्सको राजश्व दाखिलाको हिसाव किताब सम्बन्धी संस्था वा व्यक्तिले देखाउनु पर्ने।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।